मेडिकल डाईरेक्टर
(डा. आशा सिंह)
प्रा.प्रहरी अतिरिक्त महानिरीक्षक

नेपाल सरकार
गृह मन्त्रालय
अस्पताल, महाराजगञ्ज

खण्ड १

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी अस्पताल

महाराजगञ्ज, काठमाण्डौं

<u>बिरामी रासन खरिद बन्दोबस्त सम्बन्धी सिलबन्दी वोलपत्र आब्हान</u>

( प्र.प्र.का.आ.प्र.महाशाखा नक्सालबाट राष्ट्रिय दैनिक गोरखापत्रमा
प्रथम पटक प्रकाशित मिति २०७७।०७।२४ गते )

नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा उपचारार्थ वेड भर्ना हुने बिरामीका लागि २०७७ साल माघ १ गतेदेखि २०७८ साल पौष मसान्त सम्म वर्ष १ (एक) को निमित्त चाहिने निर्धारित स्केल बमोजिमको बिरामी रासनको खरिद वन्दोवस्त गर्नु पर्ने भएकोले बिरामीहरुलाई रासन खुवाउन,फर्म,संस्था वा कम्पनीहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रासन E-bidding मार्फत (मात्र) Bid गर्नुहुन सर्वसाधारणको जानकारीको लागि रासन खरिद वन्दोवस्त सम्बन्धी वोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल:-</u>

| सि.नं. | बोलपत्र नं. | कार्य विवरण | दर्ता गर्ने कार्यालय | बैंकको नाम /खाता नं. | बोलपत्र फाराम दस्तुर | बिडबण्ड रकम |
|---|---|---|---|---|---|---|
| १ | सुचना नं.१ २०७७/०७८ | दैनिक १५० शैयाको वार्षिक सख्या ५४७५० का निमित्त चाहिने निर्धारित स्केल बमोजिमको बिरामी रासन आपुर्ति | नेपाल प्रहरी अस्पताल महाराजगंज काठमाण्डौ | राष्ट्रिय बाणिज्य बैंक ठमेल शाखामा रहेको कार्यालय कोड नं. ३१४०४३५०८ को.ले.नि.का .लैनचौरको एकल धरौटी खाता नं.११०००१०२०३०००० मा रकम जम्मा गर्न सकिने | रु.३०००।- (अक्षरुपी तिन हजार ) मात्र | रु.५,४८,५००।- (पाँच लाख अठ्चालिस हजार पाचसय ) मात्र |

१. वोलपत्र फारम खरिद गर्न ईच्छुक नेपाली आपुर्तिकर्ताले नोटरी पब्लिकबाट प्रमाणित गरी आवश्यक कागजातहरु नेपाली नागरिकताको प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र,मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र,आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्र वा आ.व. २०७५।०७६ को कर चुक्ता प्रमाणपत्र र ०७६/०७७ कर विवरण पेस गरेको कागजातहरुको प्रतिलिपि वा म्याद थपको प्रमाणीत प्रतिलीपी तथा लिखित आवेदन सहित दस्तुर रु.३,०००।- (अक्षेरुपी तीन हजार) फिर्ता नहुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौर काठमाण्डौको नाममा रहेको रा.वा.बैंक ठमेल शाखामा स्थित राजश्व शिर्षक नं.१४२२९कार्यालय कोड नं.३१४०४३५०८ खाता नं.१०००२०००१०००० मा नेपसल प्रहरी अस्पताल महाराजगंज, काठमाण्डौको नाममा दाखिला गरि विद्युतीय वोलपत्र खरिद गर्न सकिने छ ।

२. विरामी रासनको विद्युतीय वोलपत्र सूचना प्रकाशित भएकै दिनदेखि मिति २०७७ साल मंसिर २५ गते दिनको १२:०० वजे सम्म E-bidding मार्फत दर्ता हुन आएका रीतपूर्वकका विद्युतीय वोलपत्रहरु सोही दिनको १४:०० वजे नेपाल प्रहरी अस्पतालमा वोलपत्र मुल्याङकन समिति एवं.उपस्थित प्रतिनिधि, वोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थीत नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । विद्युतिय वोलपत्र खोलिने दिन कारणवस कुनै सार्वजनिक विदा परेमा सोको भोली पल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लिखित स्थान र समय भित्र खोलिने छ । पूर्व निर्धारित मितिमा कारणवश वोलपत्र नखोलिएको अवस्थामा वोलपत्र र वोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिने छ ।

३. E-bidding मार्फत वोलपत्र पेस गर्नु पूर्व वोलपत्रदाताहरुको वैठक मिति २०७७।०८।१४ गते आईतवार १४:०० वजे यस अस्पतालमा आयोजना गरिने भएकोले उक्त दिन उपस्थित हुन सम्भावित वोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

४. नेपाली नागरिकले E-bidding मार्फत पेस गरेको वोलपत्र मात्र मान्य हुने छ र वोलपत्र फारम भरी E-bidding मार्फत पेस गर्दा नेपाली नागरिकताको प्रमाणपत्र,फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाण-पत्र र , आ.व.२०७६।०७७ को कर चुक्ता प्रमाणपत्र वा आ.व.२०७५।०७६ को कर चुक्ता प्रमाण-पत्र र कर विवरण पेस गरेको कागजातहरुको प्रतिलिपि वा म्याद थपको प्रमाणीत प्रतिलीपी र स्वःघोपणा पत्र अनिवार्यरुपमा विद्युतीय वोलपत्र मात्र पेश गर्नु पर्ने छ ।

५. अन्य व्यवसायको लागि दर्ता भएको प्रमाण-पत्र प्राप्त व्यक्ति वा फर्मले खाद्य सामाग्री आपुर्तिको लागि पनि अनुमति थप भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा विद्युतीय वोलपत्र फारमसाथ पेस गर्नु पर्ने छ ।

६. वोलपत्रदाताले वोलपत्र सम्वन्धी कुनै पनि कागजातमा उल्लेखित शर्तहरुको प्रतिकुल हुनेगरी कुनैपनि शर्त थप गर्न पाइने छैन ।

७. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेका व्यक्ति,फर्म, संस्था वा कम्पनीहरुले वोलपत्रमा भाग लिन पाउने छैनन् । कुनै वोलपत्रदाताले सार्वजनिक खरिद ऐन, खरिद सम्झौता तथा खरिद सम्वन्धी कागजातमा उल्लेख भएको दायित्व पालना नगरेमा त्यस्ता वोलपत्रदाताहरुलाई कालो सूचीमा राख्न सिफारिस गरिने छ ।

८. विद्युतीय वोलपत्र पेस गर्दा वोलपत्र जमानत वापत वोलपत्रदाताले माथि उल्लिखित खातामा नगदै जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारको इजाजत प्राप्त वैंकवाट नियमानुसार जारी भएको वोलपत्र जमानतको मान्य अवधि वोलपत्रको मान्य अवधी भन्दा ३० दिन वढी भएको हुनु पर्ने छ ।

९. वोलपत्रको मान्य अवधी दाखिला गर्ने अन्तिम मितिवाट गणना हुने गरी ९० दिनको हुने छ ।

१०. वोलपत्रदाताले वोलपत्रसाथ रासन आपुर्ति सम्वन्धी काम गरेको अनुभव हासिल गरेका विगत ३ (तीन) आ.व.हरु (२०७४/०७५,२०७५/०७६ र २०७६/०७७) मध्ये कुनै एक आ.व.मा कुनै सुरक्षा निकायमा सन्तोपजनक रुपमा रासन आपुर्ति गरेको वा गरिरहेको प्रमाण कागजातको प्रतिलिपि पेश गर्नु पर्ने र उक्त कार्य अनुभव गणना गर्दा वोलपत्रदाताले कवोल गरेको अंकको कम्तिमा ५० प्रतिशत हुनु पर्ने छ ।

११. विद्युतीय वोलपत्र सम्वन्धी कागजातको परिमाण सहितको मूल्य सूची भर्दा मूल्य अभिवृद्धीकर वाहेकको प्रति दिन प्रति विरामीको आइटमवाइज (Item - wise) दर अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अङ्क र

अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइने छ । केरमेट टिपेक्सको प्रयोग भएमा वोलपत्रदाताको सहिछाप भएको हुनु पर्ने छ ।

१२. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी अस्पतालमा सुरक्षित रहने छ ।

१३. वोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेसा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा-पत्र वोलपत्र साथ uploade गर्नु पर्ने छ ।

१४. वोलपत्र (E-bidding) वाट दर्ता गर्ने समय भित्र दर्ताको लागि (uploade) गरी सक्नु पर्ने छ ।

१५ विरामीको राशन (सिदा) आपुर्ती कार्यको लागी E-bidding मार्फत गरिने भएकोले वोलपत्रदाताहरुले यस कार्यालयवाट प्रकाशित सुचना सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np वा www.gepson.gov.np वाट प्राप्त गर्न सकिने छ।

१६. वोलपत्रमा पेस गर्नुपर्ने कागजातहरु उल्लेखित portalScannedCopy Pdf Format मा Upload गर्नु पर्ने छ । साथै वोलपत्र फारम दस्तुरको रकम माथि उल्लेखित राजश्व शिर्षकमा जम्मा गरेको भौचरको Scanned Copy समेत Uploade गर्नु पर्ने छ र सक्कल प्रति (hard copy) वा सो को प्रतिलिपी (राजश्व,धरौटी,वैक जमानत पत्र सक्कलै पत्र) तोकिए वमोजिम प्रमाणित गरी अनिवार्यरुपमा पेश गर्नु पर्ने छ

१७ वोलपत्र सम्वन्धि कागजातमा उल्लेख भए वमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपिहरु पुरै Uploade नगरी आंशिक Submit गरेको पाइएमा उक्त विद्युतीय वोलपत्रहरु अयोग्य भएको मानिनेछ ।

१८ वोलपत्रदाताको विद्युतीय वोलपत्र खोल्ने समयमा निजको वोलपत्र Uploade भएको कागजात स्पष्ट सँग नवुझिएमा वा Download हुन नसकेमा/नभएमा Download भएको कागजात नखुलेमा कार्यालय जवाफदेही हुने छैन ।

१९.नमुनाको हकमा कार्यालयमा नमुना छनौट गरी राखिएको हुँदा कार्यालयको नमुना वमोजिमको रासन आपुर्ती गर्नु पर्ने छ ।

२०. वोलपत्र खरिद सम्झौता अवधिभर कुनै मुल्य वृद्धि दिईने छैन ।

२१. ढुवानी खर्च आपुर्तिकर्ता स्वयमले व्यहोर्नु पर्ने छ ।

२२. वोलपत्र सम्वन्धी थप वुझ्नुपरेमा कार्यालय समय भित्र यस अस्पतालको आर्थिक प्रशासन शाखाको फोन नं.०१-४४१२५३०मा सम्पर्क राख्न सकिने छ ।विद्युतीय वोलपत्र सम्वन्धी सूचना नेपाल प्रहरीका Website:www.nepalpolice.gov.np,यस अस्पतालको Website:www.nph.nepalpolice.gov.np/ www.gepson.gov.np र www.bolpatra.gov.np मा पनि हेर्न सकिने छ ।

२३. वोलपत्र सम्वन्धि कागजातहरुमा उल्लेख नभएका विषयहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ (संसोधन सहित),सार्वजनिक खरिद नियमावली,२०६४(संशोधन सहित) र प्रचलित अन्य नेपाल कानुन अनुसार हुने छ ।